जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १७१ • २०८२ चैत्र २९ गते आईतवार • 12 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## संघीय संसद्को उपसभामुखमा ठाकुर निर्वाचित भएपछि उहाँको परिवार तथा गाउँमा खुशियाली

जलेश्वरटुडे समाचारदाता
धनुषा, २८ चैत्र

मधेशकी छोरी एवं सांसद रुवीकुमारी ठाकुर सङ्घीय संसद्को उपसभामुखमा निर्वाचित भएपछि उहाँको परिवार तथा गाउँमा खुसियाली छाएको छ । जनकपुरधाम उपमहानगरपालिका-१४, मुजेलियाका २५ वर्षीय सांसद ठाकुर उपसभामुख जस्तो गरिमामय पदमा पुगेकामा गाउँलेले यसलाई गौरवको विषय ठानेका छन् ।

श्रम संस्कृति पार्टीबाट समानुपातिकतर्फ प्रतिनिधि सभा सदस्यका रूपमा चयन भएका ठाकुर छोटो समयमै महत्वपूर्ण पदमा पुग्नुभएको छ । उहाँको यो सफलता गाउँका अन्य युवा र महिलाका लागि प्रेरणास्रोत बनेको छ । रुवीका बुवा सोगारथ ठाकुर छोरीको सफलताको खुसी साट्न साढे तीन वर्षपछि वैदेशिक रोजगारीबाट हालै स्वदेश फर्किनुभएको छ । विगत २० वर्षदेखि साउदी अरबमा श्रम गर्दै आएका उहाँले छोरीको उपलब्धिप्रति गर्व व्यक्त गर्दै भन्नुभयो, “मेरी छोरी



सांसद र उपसभामुख बन्छे भनेर कहिल्यै सोचेको थिइनँ । छोरीलाई भेट्नकै लागि विशेष बिदामा आएको हुँ ।” उहाँले छोरीलाई देश र जनताको हितमा निष्ठापूर्वक काम गर्न सुझावसमेत दिनुभयो ।

सांसद रुवीकी आमा रेनुदेवी ठाकुरले छोरीको सफलतामा आफ्नो बर्सौंदेखिको सङ्घर्ष सफल भएको बताउनुभयो । “छोरीलाई पढाउँदा धेरैले आलोचना गरेका थिए तर आज उसको सफलताले सबैको मुख बन्द गरिदिएको छ,” उहाँले भावुक हुँदै भन्नुभयो । उहाँले छोरीले देशका लागि उत्कृष्ट काम गर्ने विश्वाससमेत व्यक्त गर्नुभयो । रुवी दुई महिनाकी छँदा नै उहाँका बुवा वैदेशिक रोजगारीमा जानुभएको थियो । बुवा परदेशमा हुँदा पारिवारिक जिम्मेवारी र छोरीको शिक्षादीक्षामा आमाले मुख्य भूमिका खेल्नुभएको थियो । अहिले छोरीको यो उपलब्धिले परिवार मात्र होइन, सम्पूर्ण गाउँलाई नै गौरवान्वित बनाएको छ ।

उहाँको सफलतापछि मुजेलिया गाउँमा उत्सवको वातावरण बनेको छ । आफन्त, छिमेकी र शुभेच्छुक उहाँको घरमा भेला भई बधाई तथा शुभकामना दिइरहेका छन् । स्थानीय मनोजकुमार राउतका अनुसार सांसद रुवी ठाकुरको सफलता मधेश क्षेत्रका महिला तथा युवाका लागि एक प्रेरक उदाहरण हो ।

## जलेश्वर नगरपालिकाद्वारा लोकसेवा तयारी गर्ने विद्यार्थीलाई निःशुल्क पुस्तक वितरण

मो. इर्शाद
महोत्तरी, २८ चैत्र



जलेश्वर नगरपालिकाले सञ्चालन गर्दै आएको “मेयर लोकसेवा कक्षा” अन्तर्गत सहभागी परीक्षार्थीहरूलाई निःशुल्क पुस्तक वितरण गरिएको छ । शनिबार आयोजित एक औपचारिक कार्यक्रमका बीच लोकसेवा तयारी गरिरहेका विद्यार्थीहरूलाई आवश्यक पाठ्यसामग्री हस्तान्तरण गरिएको हो ।

नगरपालिकाको पहलमा सञ्चालित उक्त कक्षामा अध्ययनरत युवाहरूलाई लोक सेवा आयोग को द्वितीय पत्रको तयारीका लागि आवश्यक पुस्तकहरू उपलब्ध गराइएको बताइएको छ। कार्यक्रममा सहभागी विद्यार्थीहरूले यस्तो सहयोगले आफ्नो अध्ययनलाई सहज र व्यवस्थित बनाउने विश्वास व्यक्त गरेका छन् । नगरपालिकाका अनुसार आर्थिक अभावका कारण धेरै विद्यार्थीहरू आवश्यक पुस्तक तथा अध्ययन सामग्रीबाट वञ्चित हुने अवस्था रहेको हुँदा यस कार्यक्रममार्फत उनीहरूलाई सहयोग पुऱ्याउने प्रयास गरिएको हो ।

यसका साथै, युवाहरूलाई सरकारी सेवाप्रति आकर्षित गर्दै प्रतिस्पर्धात्मक परीक्षामा सफल बनाउने दीर्घकालीन लक्ष्यका साथ “मेयर लोकसेवा कक्षा” सञ्चालन गरिएको जनाइएको छ । कार्यक्रममा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो। उनीहरूले यस्ता शैक्षिक तथा प्रोत्साहनमूलक कार्यक्रमलाई निरन्तरता दिनुपर्नेमा जोड दिएका छन् ।

जलेश्वर नगरपालिकाले आगामी दिनमा पनि लोकसेवा तयारी गर्ने विद्यार्थीहरूका लागि विभिन्न सहयोगमूलक कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेको जनाएको छ ।




## उद्यमशीलता सीप विकास कार्यक्रम सम्पन्न



जलेश्वरटुडे समाचारदाता
धनुषा, २८ चैत्र

अमेरिकी दूतावास नेपालद्वारा जनकपुरधाममा आयोजना गरिएको उद्यमशीलता सीप विकास कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाबाट आएका ३० जना उद्यमशीलताप्रति उत्साही युवाहरूको सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्य नवउद्यमीहरूलाई व्यवसाय सुरु गर्न, विस्तार गर्न तथा प्रतिस्पर्धी बन्न आवश्यक सीप र ज्ञान प्रदान गर्नु रहेको आयोजकले जनाएको छ । सहभागीहरूले उद्यम सञ्चालन, नेतृत्व विकास, बजार प्रतिस्पर्धा तथा नवीन सोच सम्बन्धी विभिन्न विषयमा प्रशिक्षण लिएका थिए । कार्यक्रममा एनवाईईएफ जनकपुर च्याप्टरको तर्फबाट प्रतिनिधित्व गर्दै वक्ताहरूले नयाँ पुस्ताका आत्मनिर्भर उद्यमी उत्पादन गर्नुपर्ने आवश्यकता औंल्याए । उनीहरूले स्थानीय स्तरमै प्रभाव पार्ने र विश्वव्यापी सोच राख्ने उद्यमी तयार गर्न यस्ता कार्यक्रमहरू महत्वपूर्ण हुने बताए । कार्यक्रम सफल बनाउन इन्टरनेशनल डेभलपमेन्ट इन्स्टिच्युट, आद्यन्त एडभाइजरी, एमच्याम नेपाल तथा द ग्लोबल इम्प्याक्ट कलेक्टिभले सहकार्य गरेका थिए ।

आयोजकका अनुसार यस्ता कार्यक्रमले मधेश प्रदेशमा उद्यमशीलताको वातावरण सुदृढ बनाउँदै युवालाई रोजगारी सिर्जना तथा आत्मनिर्भरतातर्फ प्रेरित गर्ने विश्वास लिइएको छ ।






# सरकारले गम्भीर हुन जरुरी

नीजि विद्यालय बन्द सम्बन्धी हल्ला निराधार रहेको विभिन्न सञ्चार माध्यमहरु तथा नेपाल फैक्ट चेक संस्थाबाट प्रष्ट भईसके पछि अब अभिभावकहरुले सचेत तथा सजग हुन जरुरी रहेको देखिन्छ। नत यस सम्बन्धी अधिकारीक सूचना शिक्षा मन्त्रालयको वेबसाइटमै उल्लेख छ । अर्थात हामी जहाँ छौं त्यही ठीक छौं भनेर आफ्नो मनोबल उच्च बनाउन आवश्यक रहेको देखिन्छ ।

नेपाल सरकारको शिक्षा मन्त्रालयले शनिवार र आइतबार विद्यालय पनि बन्द गरे पछि विद्यार्थीहरुका पाठ्यपुस्तक सकिन तथा त्यसै समयमा अन्तरक्रियामुखि शिपकलाको प्रयोग गर्न गाह्रो हुने शिक्षाविद्हरुले बताउछन्। अर्थात मात्र जम्मा ८६ दिन विद्यार्थीहरुले सालभरीमा पढ्न पाउने छन् । के यो समावधि विद्यार्थीहरुका लागि प्रयाप्त छन् त ? यो सोच्ने विषय अभिभावकहरुका छन् । महाभारतमा पनि अर्जुनले आफ्ना गुरु द्रोणाचार्यबाट बिहान तथा दिउँसो धनुष विद्या सम्बन्धी ज्ञान लिई सकेपछि रातिमा पनि अभ्यास गरेको र सबैभन्दा राम्रो धनुधरको रुपमा ईतिहासले चिनेको सत्य हामी बिर्सिन सक्दैनौं ।

कक्षा पिजीदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई आन्तरिक परीक्षा नै नलिई मूल्याँकन गर्ने कुरा हाबातालको देखिन्छ। नेपालको अहिलेको पाठ्यक्रमले विद्यार्थीहरुलाई एक त कमजोर बनाएको छ। अहिलेको पाठ्यक्रममा आवश्यक विषयबस्तु त छदै छैन्। यस परिवेशमा आन्तरिक मुल्याँकन बिनाको शिकाई कस्तो होला,चिन्ताको विषय बन्न पुगेको छ, सिक्ने र सिकाउने दुबैको लागि ।

हामी देशमा नीजि लगानीको परिकल्पना गर्दछौ तर नेपालमा नीजि लगानी गरेर सेवामा लागेका नीजि विद्यालयहरुलाई पनि संरक्षण,सुधार तथा अपडेट गर्ने काम सरकारको हो,नकी सिध्याउने ।

यदि देशभरीका नीजि विद्यालयहरु एकैचोटी बन्द गरियो भने यो सरकारलाई सामुदायिक स्तरबाट पढाउने स्रोतसाधन छन् त,पक्कै पनि छैनन् । यस अवस्थामा नेपाल सरकारले अभिभावकलाई गलत हिसाबले सहयोग गर्नू तथा आर्थिकभार देखि विभिन्न क्रियाकलापहरुमा नीजि क्षेत्रको लगानी भएको संस्थामा नेपाल सरकारले प्रत्यक्ष रुपमा हस्तक्षेप गर्नू कानून सम्बत समेत गैर कानूनी रहेकोले यसलाई समयमै सच्याउन जरुरी छ ।

अहिले समग्र देशमै विद्यार्थीहरु अन्तिम परीक्षा सकेर परीक्षाफल प्रकाशन भएका संस्थाहरु तथा विद्यार्थीहरुलाई नयाँ शत्र शुरु गर्न २० गतेसम्म कुर्नुपर्ने देखिन्छ। यसबाट विद्यार्थीहरु नियन्त्रित हुनु भन्दा पनि अनियन्त्रित हुने डर बढेकोले नीजि विद्यालयलाई सहयोग तथा पुरस्कार दिन जरुरी छ ।

सामुदायिक विद्यालयहरुलाई नियमन तथा नियन्त्रण गर्न जरुरी छ । किनभने सरकारको लगानी सार्थक नभएर निरर्थक भएको छ ।

# बोक्सीको आरोपमा महिलामाथि कुटपिट तथा अभद्र व्यवहार

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २८ चैत्र**

सप्तरी प्रहरीले बोक्सीको आरोपमा महिलामाथि कुटपिट तथा अभद्र व्यवहार गरेको आरोपमा चार जना प्रतिवादीलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बोदेबर्साइन नगरपालिका-१ का २४ वर्षीय रामबाबु भनिने रामनारायण यादव, सोही ठाउँका रामचन्द्र मण्डल, सुरुङ्गा नगरपालिका-६ का २२ वर्षीय सुनिलकुमार सदा र महदेवा गाउँपालिका-४ का ४६ वर्षीय शेखर मण्डल रहेका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीका अनुसार रामनारायणलाई २०८१ असोज २७ गते बोदेबर्साइन-१ धनगढी टोलमा निरासी यादवनीलाई बोक्सीको आरोप लगाई गालीगलौज गर्दै कालो मसी र सेतो चुना जबर्जस्ती मुखमा लगाउने प्रयास गरेको घटनामा पक्राउ गरिएको हो । यस्तै, सोही ठाउँका रामचन्द्रलाई अभद्र व्यवहार मुद्दामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।



प्रहरीका अनुसार बुधबार बोदेबर्साइन-१ मनौर टोलस्थित आफ्नै घरअगाडि बसेकी सुजान देवी यादवमाथि प्रतिवादी मण्डलसहितका व्यक्तिले गालीगलौज गर्दै बाँसको लाठी, हात, लात र मुक्काले कुटपिट गरी अभद्र व्यवहार गरेका थिए ।

त्यस्तै, सुरुङ्गा-६ का सुनिलकुमारलाई बिहीबार सोही ठाउँस्थित बजारमा होहल्ला गरिरहेको अवस्थामा प्रहरीले सम्झाउँदा प्रहरी टोलीलाई गालीगलौज गरी ड्युटीमा बाधा पुर्‍याएकाले अभद्र व्यवहार गरेको आरोपमा पक्राउ गरिएको छ ।

# देशको समृद्धिका लागि सरकारले गर्ने कार्यहरूमा समर्थन: मण्डल

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, २८ चैत्र**

प्रतिनिधि सभा सदस्य चन्देश्वर मण्डलले देशको समृद्धिका लागि सरकारले गर्ने कार्यहरूमा समर्थन रहने बताउनुभएको छ । उहाँले देशको समृद्धि र विकासका लागि आफूले सदनमा सक्रिय रूपमा आवाज उठाउने भन्दै सरकारको गुण र दोषका आधारमा समर्थन वा विरोध रहने बताउनुभयो ।

सिङ्गो देश र पूरै मधेशमा समृद्धिका लागि प्रतीक्षारत जनभावनालाई मुखरित गर्ने गरी कामकाज हुनुपर्नेमा उहाँले जोड दिनुभएको छ । उहाँले देशमा सामाजिक विकृतिको अन्त्यसहितको सामाजिक न्याय, भ्रष्टाचारमुक्त समाज निर्माण र विधिको शासन आवश्यक रहेको बताउनुभयो । प्रतिनिधि सभा सदस्य मण्डलले मधेशका किसानलाई समयमा मल, बिउ र सिँचाइको प्रबन्ध गर्न सरकारलाई सधैँ खबरदारी गर्ने कार्यलाई प्राथमिकतामा राखेर सदनमा प्रस्तुत भइरहने भन्दै देशलाई कृषिमा आत्मनिर्भर बनाउने विषयमा कार्यक्रमको खाकासमेत प्रस्तुत गर्ने उहाँले बताउनुभयो । उहाँले समाजमा देखिएका विकृति र कुप्रथा




अन्त्यका लागि सबैको सहयोग आवश्यक भएको भन्दै मधेशमा दाइजो, बालविवाह, छुवाछुत जस्ता विकृतिले गाडेको जरो उखेल्न सरकारले सबैलाई साथ लिएर अघि बढ्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले खुला सीमानाकाको फाइदा उठाउँदै सीमा क्षेत्रमा लागुऔषध कारोबार फस्टाएको भन्दै नेपाल-भारत सीमा क्षेत्रमा दुवै देशका सुरक्षाकर्मीले निगरानीलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै यस विषयमा आफूले सदनमा निरन्तर आवाज उठाइरहने बताउनुभयो । उहाँले मधेशको समृद्धिको आधारमध्ये पर्यटन क्षेत्र पनि एक रहेको चर्चा गर्दै यस क्षेत्रमा अझैसम्म प्रभावकारी योजना आउन नसकेको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रमा प्रभावकारी योजना ल्याउन पर्यटनसम्बन्धी अध्ययन गरेका विज्ञसँग सल्लाह गरेर मधेश प्रदेशको पर्यटन क्षेत्रको विकासका लागि सदनमार्फत सरकारको ध्यानाकर्षण गराउने बताउनुभयो । उहाँले मधेशको समृद्धिमा चुरे क्षेत्रको महत्व र संरक्षण आवश्यक रहेको भन्दै चुरे संरक्षण र कोशी-कमला डाइभर्सनको विषयमा समेत सदनमा स्पष्ट धारणा राख्ने बताउनुभयो । सरकारले घोषणा गरेका सय दिनका सय कार्यक्रमको विषयमा पनि गहिरो अध्ययन गरिरहेको भन्दै उहाँले भन्नुभयो, "ऐन कानुनको पालना गरी निष्पक्ष भएर कार्यान्वयनमा जान आवश्यक छ ।

क्षणिक लोकप्रियताका लागि प्रतिशोध साँध्ने कार्य हुनु हुँदैन ।" मधेशको शिक्षा र स्वास्थ्यमा प्रगति नहुनुको कारण खोजी गर्नुपर्नेमा जोड दिँदै उहाँले यी दुवै क्षेत्रमा देखिएको विकृति हटाउने विषयमा पनि सदनमा सुझाव राख्ने प्रतिनिधि सभा सदस्य मण्डलले बताउनुभयो ।

सिराहा जिल्ला अर्नमा गाउँपालिका-४, गौरीपुरको एक किसान परिवारमा २०२० मा जन्मिएका प्रतिनिधि सभा सदस्य मण्डल गाउँकै जनकल्याण माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गरी छिमेकी देश भारत विहारको दरभङ्गाबाट विज्ञान विषयमा स्नातक (बिएस्सी) सम्मको शिक्षा हासिल गर्नुभएको छ । उहाँले आफू पढेकै जनकल्याण माध्यमिक विद्यालयमा दुई वर्षसम्म माध्यमिक तहको विज्ञान शिक्षकका रूपमा कामसमेत गरिसक्नुभएको छ । विसं २०३८ मा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता ग्रहणपछि नेकपा (एमाले) मा प्रवेश गरेका प्रतिनिधि सभा सदस्य मण्डल २०४९ र २०५४ सालको स्थानीय निर्वाचनमा गौरीपुर गाउँ विकास समितिको अध्यक्षमा नेकपा (एमाले) बाट निर्वाचित हुनुभएको थियो । २०५९ सालमा नेकपा (एमाले) जिल्ला कमिटीमा प्रवेश गर्नुभएका उहाँ २०६० सालमा नेकपा (एमाले) जिल्लाको कार्यालय सचिव भएर काम गरिरहँदा नेकपा (माओवादी) लाई संरक्षण गरेको आरोपमा तत्कालीन सरकारले उहाँलाई पक्राउ पनि गरेको थियो । त्यो बेला पाँच महिला प्रहरी हिरासतमा बसेका थिए ।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: पिछडेको साथी मिल्ने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मित्रतामा फाटो आउने
सिंह: शुभ कार्यको शुरुवात
कन्या: अनावश्यक खर्चको संभावना
तुला: मनमा पछुतो आउने
वृश्चिक: आम्दानी हुने
धनु: खानपानमा समस्या आउने
मकर: विचार गरेर बोल्नुहोला
कूम्भ: लामो यात्राको योग छ
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# ट्रम्पको आलोचनापछि बेलायतले गऱ्यो चागोस टापु फिर्ता गर्ने योजना स्थगित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कडा आलोचनापछि बेलायतले चागोस टापुहरू मौरिटियसलाई फिर्ता गर्ने आफ्नो बहुप्रतीक्षित योजना तत्कालका लागि स्थगित गरेको छ । रणनीतिक रूपमा अत्यन्त महत्त्वपूर्ण मानिएको डिएगो गार्सियास्थित सैन्य अड्डाको भविष्यलाई लिएर वासिङ्टनले चिन्ता व्यक्त गरेपछि लन्डनले यो निर्णय लिएको हो ।

बेलायती सरकारका प्रवक्ताले शनिबार एक वक्तव्य जारी गर्दै अमेरिकाको पूर्ण समर्थनविना कुनै पनि सम्झौता अघि नबढाइने स्पष्ट पारेका छन्। चागोससम्बन्धी कानुनी प्रक्रियाका लागि संसद्मा समय अभाव भएकाले पनि यो योजना रोकिएको उनले बताए। गत वर्ष भएको प्रारम्भिक सम्झौताअनुसार बेलायतले द्वीपसमूह मौरिटियसलाई सुम्पिने र डिएगो गार्सिया टापुलाई भने ९९ वर्षका लागि भाडामा लिएर सैन्य अड्डा सञ्चालन गर्ने प्रस्ताव गरिएको थियो । राष्ट्रपति ट्रम्पले यो सम्झौतालाई 'ठूलो मूर्खता' को संज्ञा दिँदै तीव्र असन्तुष्टि जनाएका थिए। बेलायतले बिनाकारण यस्तो महत्त्वपूर्ण क्षेत्र छाड्न लागेको र यसबाट चीन तथा रुसले फाइदा उठाउन सक्ने चेतावनी उनले दिएका थिए । डिएगो गार्सियालाई अमेरिका र बेलायत दुवैले हिन्द महासागरको प्रमुख रणनीतिक सैन्य सम्पत्तिका रूपमा हेर्दै आएका छन्, जसको प्रयोग हालै इरानसँगको तनावका क्रममा समेत गरिएको थियो । सन् १९६० को दशकमा मौरिटियस स्वतन्त्र भए पनि बेलायतले चागोस टापुहरू आफ्नो नियन्त्रणमा राखेको थियो। त्यस क्रममा हजारौँ स्थानीय बासिन्दालाई जबरजस्ती विस्थापित गरिएको थियो। सन् २०१९ मा अन्तर्राष्ट्रिय न्याय अदालतले ती टापुहरू मौरिटियसलाई फिर्ता गर्न सिफारिस गरेपछि बेलायती प्रधानमन्त्री किर स्टार्मरले सम्झौताको पहल सुरु गरेका थिए । हालका लागि यो योजना पूर्ण रूपमा खारेज नभए पनि संसद् विघटन हुनुअघि कानुनी प्रक्रिया पूरा नहुने निश्चित भएको छ। सरकारी अधिकारीहरूले भविष्यमा नयाँ विधेयकमार्फत यसलाई अघि बढाउन सकिने सङ्केत दिएका छन् ।

# हलिउडका ठूला स्टारलाई पछार्दै रणवीरको 'धुरन्धर २' ले रच्यो इतिहास

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



आदित्य धरले निर्देशन गरेको फिल्म धुरन्धरः द रिभेन्ज (धुरन्धर २) ले बक्स अफिसमा सुनामी ल्याएको छ । रणवीर सिंहको मुख्य भूमिका रहेको यस फिल्मको वर्ल्डवाइड ग्रस कलेक्सन १६८० करोड भारु पुगेको छ ।

भारतमा मात्रै फिल्मले १०८० करोड भारुको नेट कलेक्सनको आँकडा पार गरेर नयाँ इतिहास रचेको छ। रिलिजको पहिलो हप्तादेखि नै रेकर्ड बनाउन थालेको यस फिल्मले पहिलो ८ दिनमा ६९० करोड भारु कमाएको थियो । दर्शकको क्रेजकै कारण दोस्रो हप्तामा २७१ करोड र तेस्रो हप्तामा १२० करोड भारुको व्यापार गर्न फिल्म सफल भयो । बिदाको दिन मात्र नभई वर्किङ डेजमा पनि फिल्मको कमाइ स्थिर देखिएको छ । सोमबारदेखि बिहीबारसम्म फिल्मले दैनिक औसतमा १० करोड भारु कलेक्सन गरिरहेको छ ।

भारतमा मात्र नभई विदेशमा पनि फिल्मले उत्कृष्ट प्रदर्शन गरिरहेको छ । ओभरसिज मार्केटबाट फिल्मले हालसम्म ४०४ करोड भारु ग्रस कलेक्सन गरेको छ । यससँगै यो फिल्म भारतीय सिनेमाको इतिहासमै सबैभन्दा सफल ग्लोबल फिल्ममध्ये एक बनेको छ । त्यति मात्र होइन, धुरन्धर २ सन् २०२६ मा विश्वभर सबैभन्दा धेरै कमाइ गर्ने टप-१० फिल्मको सूचीमा समेत समावेश भएको छ। बक्स अफिस मोजोको रिपोर्ट अनुसार रणवीरको यो फिल्मले प्रोजेक्ट हेल मेरी, द सुपर मारियो ग्यालेक्सी मुभी र वुदरिङ हाइट्स जस्ता ठूला ग्लोबल फिल्मको एलीट सूचीमा आफ्नो स्थान बनाएको छ। चिनियाँ एनिमेटेड मुभी बुनी बियर्सः द हिडन प्रोटेक्टर (१३९ मिलियन डलर) लाई पछि पार्दै फिल्मले यो सफलता हात पारेको हो ।

# अर्थमन्त्री वाग्लेको एक साता 'एक्सन' : ई-पेन्सनदेखि इन्धन कटौतीसम्म

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पछिल्लो एक सातामा सरकारी सेवालाई प्रविधिमैत्री बनाउने र प्रशासनिक अड्चन हटाउने कार्यमा महत्वपूर्ण सफलता हासिल गरेका छन् ।

यस साताको मुख्य उपलब्धिको रूपमा उनले शुक्रबार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच 'ई-पेन्सन (इलेक्ट्रोनिक पेन्सन) प्रमाणीकरण' प्रणालीको शुरूआत गरेका हुन् । महालेखा नियन्त्रक कार्यालयले तयार पारेको यो प्रणालीको कार्यान्वयनसँगै अब करिब साढे तीन लाख निवृत्तभरणभोगी (पेन्सनकर्ता) हरूले भोग्दै आएको झन्झटिलो नवीकरण प्रक्रिया र बैंक छनोटको सास्ती पूर्ण रूपमा अन्त्य भएको छ । यो नयाँ प्रणालीको शुरूआतपछि अब निवृत्त कर्मचारीहरूले पेन्सन नवीकरणका लागि बैंक वा सरकारी कार्यालयमा घन्टौँ लाइन लाग्न र भौतिक रूपमा उपस्थित हुन पर्ने छैन ।

लाभग्राहीहरूले अब घरैबाट डिजिटल माध्यममार्फत आफ्नो प्रमाणीकरण गर्न सक्नेछन्, जसले गर्दा अशक्त र वृद्ध नागरिकहरूलाई ठूलो राहत पुग्नेछ । यसका साथै, यो व्यवस्थाले राज्यलाई समेत आर्थिक लाभ पुर्याउने देखिएको छ। सरकारले पेन्सन वितरणका लागि बैंकहरूलाई तिर्दै आएको वार्षिक करिब १५ करोड रुपैयाँ बराबरको कमिसन भार अब शून्यमा झर्नेछ ।

यसले सरकारी ढुकुटीको फजुल खर्च जोगाउनुका साथै नगद प्रवाहलाई थप व्यवस्थित र अनुमानयोग्य बनाउन मद्दत पुर्याउनेछ । पछिल्लो एक सातामा अर्थमन्त्री वाग्लेले अर्थतन्त्रको संरचनात्मक सुधारका अन्य धेरै कार्यहरूलाई पनि तीव्रता दिएका छन् । उनले सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने, वैदेशिक सहायताको प्रभावकारिता बढाउने र राजस्व चुहावट नियन्त्रणका लागि नीतिगत छलफलहरूलाई अगाडि बढाएका छन् ।

# एचजेएनबीएलको नयाँ विजेता बन्ने होडमा आर्मी र गोल्डेनगेट

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**




हिमालयन जाभा नेशनल बास्केटबल (एचजेएनबीएल) २०२६ को उपाधिका लागि विभागीय टोली त्रिभुवन आर्मी क्लब र गोल्डेनगेट बास्केटबल क्लब भिड्दैछन् ।

फाइनल खेल आज साँझ ५ बजे त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । आर्मी विनोद महर्जनको कप्तानीमा कोर्ट उत्रनेछ भने गोल्डेनगेटको कप्तानी सुदिप पौडेल क्षेत्रीले गर्नेछन्। फाइनलअघि दिउँसो सेलेब्रेटीहरू सम्मिलित खेल हुने नेपाल बास्केटबल संघ (नेबा) अध्यक्ष भिम सिंह गुरुङले जानकारी दिए। जसमा कलाकार सुशान्त केसी एण्ड फ्रेण्ड्सको टिम भर्सेस जाभा एण्ड फ्रेण्ड्सको टिमबीच प्रतिस्पर्धा हुनेछ । पहिलो पटक क्वालिफायर्स प्रतियोगितामार्फत पनि टिम छनोट गर्दै हिमालयन जाभा नेसनल बास्केटबल लिग आयोजना गरिएको हो । जसमा यस पटक ८ टोली सहभागी थिए। डबल राउण्ड रोबिन प्रणालीमा भएको एचजेएनबीएलमा लिग चरणमा कूल ५६ खेल भए ।

त्यसपछि प्लेअफ चरणमा तीन खेलपछि आर्मी र गोल्डेनगेट फाइनल पुगेका हुन् । आर्मीले लिग चरणमा १४ मध्ये १३ खेल जित्दै शीर्ष स्थानमा रहँदा गोल्डेनगेटले १२ खेल जित्दै दोस्रो स्थानमा लिग सकाएको थियो। यही दुई टोलीबीच पहिलो क्वालिफायर खेल हुँदा आर्मीले गोल्डेनगेटले हराएर फाइनलमा स्थान बनाएको हो । लिगमा शीर्ष दुईमा रहेकोले गोल्डेनगेटले पहिलो क्वालिफायरमा पराजित भएपनि अर्को अवसर पाउँदा दोस्रो क्वालिफायरमा टाइम्स बास्केटबल क्लबलाई पराजित गर्दै फाइनल पुगेको हो ।

# प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**



प्रधानमन्त्री बालेन्द्र शाहले भारत भ्रमण गर्नेबारे दुई देशबीच सैद्धान्तिक सहमति भए पनि भ्रमण केही समयपछि मात्र हुने बताएका छन्।

भारतीय विदेशमन्त्री एस जयशंकरसँगको वार्तामा दुई देशबीच उच्चस्तरीय भ्रमणबारे छलफल भएको र मिति तय नभएको परराष्ट्रमन्त्री शिशिर खनालले बताए।

भारतीय विदेश सचिव विक्रम मिश्रीको नेपाल भ्रमण एक महिनाभित्र हुन सक्ने र त्यसपछि मात्रै प्रधानमन्त्रीको भारत भ्रमणको मिति तय हुने सम्भावना रहेको मन्त्रालय स्रोतले जनाएको छ।

२८ चैत, काठमाडौं। प्रधानमन्त्री बालेन्द्र शाहले भारत भ्रमण गर्नेबारे दुई देशबीच सैद्धान्तिक सहमति भए पनि भ्रमण भने केही समयपछि मात्रै हुने भएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्रीमा शाह निर्वाचित भएपछि दिएको बधाईपत्रमा भारत भ्रमणको निम्तो पनि गरेका थिए।

त्यसको जवाफ फर्काउँदा नै प्रधानमन्त्री शाहले आफू 'उचित समयमा भारतको भ्रमण गर्ने' उल्लेख गरिएको परराष्ट्रमन्त्री शिशिर खनालले अनलाइनखबरलाई बताए । उनका अनुसार, भारतीय विदेशमन्त्री एस जयशंकरसँगको वार्तामा पनि प्रधानमन्त्रीको भारत भ्रमणबारे सैद्धान्तिक सहमति भएको थियो। यद्यपि मिति तय गर्नुअघि लामै तयारी बाँकी रहेको मन्त्री खनालले शनिबार साँझ अनलाइनखबर सँगको कुराकानीका क्रममा भने। अन्य दुईपक्षीय विषयसँगै दुई देशबीच उच्चस्तरीय भ्रमणका विषयमा पनि छलफल भएको हो।

मिति नै तय भएको होइन', परराष्ट्रमन्त्री खनालले बताए। मौरिससमा भइरहेको नवौं हिन्द महासागर सम्मेलनमा भाग लिने क्रममा भएको साइडलाइन वार्ताका क्रममा खासगरी नेपालको निर्वाचन र त्यसपछि बनेको नयाँ सरकारका प्राथमिकताका बारेमा कुराकानी भएको थियो। त्यस क्रममा आफूले भारतीय विदेशमन्त्रीसँग नयाँ सरकारले नेपालको परराष्ट्र नीतिसँगै नेपाल-भारत सम्बन्धका विविध आयामबारे समीक्षा गरिरहेको बारेजानकारी दिएको परराष्ट्रमन्त्री खनालले बताए।

# संसद् अधिवेशन अन्त्य

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २८ चैत्र**




सङ्घीय संसद्को चालु अधिवेशन अन्त्य गरिएको छ । मन्त्रीपरिषद्को चैत २४ गतेको सिफारिस अनुसार राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्का दुबै सदनको चालु अधिवेशन शुक्रबार राति १२ बजेबाट लागु हुने गरी अन्त्य गर्नुभएको हो । अधिवेशन अन्त्यबारे राष्ट्रपति कार्यालयको पत्रको जानकारी सदनमा शुक्रबार दिइएको थियो । चालु अधिवेशन चैत १९ गते प्रारम्भ भएको थियो ।

निर्वाचनपछिको पहिलो अधिवेशनका रूपमा प्रतिनिधि सभामा छ वटा बैठक बसेका थिए । केही विधायिकीसहित व्यवस्थापकीय कामकारबाही पहिलो अधिवेशनमा भएका छन् । पहिलो अधिवेशन नौ दिन चालु रहेको थियो । कुल १० घण्टा ५० मिनेट संसदीय कामकाज भएको थियो । प्रतिनिधि सभाले अधिवेशनबाट नियमावली संशोधन मसौदा समिति गठन गरेको छ । यस्तै सभाका सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न गरेको छ । साथै प्रतिनिधि सभाले मतदाता नामावली, प्रतिनिधि सभा सदस्य निर्वाचन र नेपाल विशेष सेवासम्बन्धी तीन अध्यादेश स्वीकृत भएका छन् । अध्यादेश स्वीकृतसँगै प्रतिस्थापन विधेयकले ल्याउने प्रक्रियाका लागि बाटो खुलेको छ । यस्तै प्रतिनिधि सभामा राष्ट्रिय सभाबाट विभिन्न मितिमा पारित भई विचाराधीन रहेका नेपाल विधिविज्ञान प्रयोगशाला, चलचित्र र पर्यटन विधेयकको सन्देश टेबुल भएको छ । तीन विधेयकको बाँकी प्रक्रिया भने बाँकी छन् । यस्तै वैकल्पिक वित्त परिचालनसम्बन्धी विधेयक प्रतिनिधि सभामा पेस भएको छ । यस्तै सङ्घीय संसद्को संयुक्त र प्रतिनिधि सभाका १० विषयगत समिति गठन भएका छन् ।

नियमावली संशोधनको प्रक्रियाले पूर्णता नपाउँदै समिति गठन गरिएको हो । यसअघि नियमावली तर्जुमापछि मात्र समिति गठनको अभ्यास थियो ।

# के कार्की आयोग प्रतिवेदनले न्यायपालिकाको हुर्मत लिएको छ ?




भदौ २३ र २४ को घटना सम्बन्धी जाँचबुझ गर्न गठित आयोग २०८२ (कार्की आयोग) को प्रतिवेदन आधिकारिक रूपमा सार्वजनिक भएको छैन तर अनलाइनखबर र अन्य मिडिया मार्फत सार्वजनिक भएको प्रतिवेदनलाई सही मानेर कानून व्यवसायी/वकिलहरूको छाता सङ्गठन नेपाल बार एशोसिएसन र केही स्वनामधन्य वकिलहरूले आयोगले न्यायपालिका सम्बन्धमा गरेको टिप्पणीमाथि कडा टिप्पणी गरेका छन्। उनीहरूको विचारमा न्यायपालिका दूधले धोइएको थियो । यो यति निष्कलङ्क थियो कि कसैले औंलो ठड्याउन नसक्ने बनाइएको थियो यसमा संलग्न न्यायाधीश, वकिल र समग्र कर्मचारी लगायतका कर्ताहरूबाट । तर यही एक्लो ध्रुवमा पनि कार्की आयोगको प्रतिवेदनले धब्बा लगाइदियो र यसको हुर्मत लियो भनी रुष्ट भएका छन् ।

भदौ २३ र २४ गते काठमाडौंलगायत मुलुकका विभिन्न भागमा प्रदर्शनका क्रममा भएको भौतिक एवं मानवीय क्षतिको यथार्थ छानबिन गर्ने, घटना घट्नुको कारणका सम्बन्धमा जाँचबुझ गरी सोको यकिन सुझाव सहितको प्रतिवेदन पेश गर्ने साथै भविष्यमा यस्ता घटना दोहोरिन नदिन अपनाउनुपर्ने उपाय तथा सुझावहरू पेश गर्नेलगायतको कार्यादेश आयोगलाई प्राप्त छ । त्यसै अनुरूप आयोगले किन सर्वोच्चलगायत अन्य कैयौं अदालत खरानी पारियो ? किन न्यायपालिका र विशेषत: अदालतहरू जेनजी आन्दोलनको कोपमा परेर २३ वटा अदालतमा क्षति पुऱ्याइयो ? भनी यसको कारण पत्ता लगाउन 'छानबिन' गर्नुपर्ने थियो। जेनजी आन्दोलन दबाउने तत्कालीन सरकार नेकपा एमाले र नेपाली कांग्रेसको थियो र यिनकै नेतृत्वमाथि पनि छानबिन हुने नै भयो । त्यही छानबिन गर्दा नै न्यायपालिकाको पर्खालभित्र हुने गरेका नानाभाँतीका विकृति, विसङ्गति र अनियमितताका विवरण प्रतिवेदनमा समेटेर नाङ्गेझार पार्दै तत्कालीन नेतृत्वलाई नै दोषी ठह्ऱ्याएपछि न्यायपालिकाका सरोकारवालामा भुइँचालो जानु स्वाभाविक नै हो । गौरीबहादुर कार्की: सरोकारवालामध्ये पनि विशेषत: उक्त दलहरूसँग निकटता रहेका, ती दललाई प्रतिनिधित्व गर्ने र तिनका लाभग्राही वकिलको एउटा जमातको चित्त दुख्यो नै ।

तिनको चित्त दुख्नुको कारण प्रतिवेदनले गरेको न्यायपालिका उपरको आलोचनाभन्दा पनि आफ्नो तालुक नेतृत्वलाई दोषी करार गरेकोमा हो भनेर बुझ्न कठिन छैन। झन् गत चैत १३ गते नयाँ सरकार गठन भएलगत्तै यसै प्रतिवेदन कार्यान्वयन गर्ने क्रममा आन्दोलन दबाउन दोषी ठहरिएका आफ्ना दलका शीर्ष नेतृत्व तत्कालीन प्रधानमन्त्री र गृहमन्त्री दुवै पक्राउ परेपछि अझ क्रुद्ध हुनु अस्वाभाविक होइन । यसै मेसोमा उनीहरूले आयोगले आफ्नो कार्यादेश बाहिर गएर न्यायपालिकामाथि धावा बोल्यो, न्यायपालिका सम्बन्धमा प्रश्न उठाएर यसको मानमर्दन गऱ्यो, साथै न्यायपालिका दलीय चङ्गुलमा फसेको, काम अनुसार वकिलको फिस तोक्नुपऱ्यो भन्ने जस्ता सिफारिस गरेर स्वतन्त्र कानून व्यवसायमा प्रभाव पार्ने काम गऱ्यो, गैरकानूनी तरिकाले सर्वोच्च अदालतलाई संविधान संशोधन आफैं गर्न उक्साएर न्यायपालिकाको हुर्मतै लियो भन्ने लगायत आरोप लगाएका छन्। झन् नेपाल बारले त प्रेस विज्ञप्ति नै निकालेर सर्वोच्च अदालत फुल कोर्टको ध्यानाकर्षण गराएको छ ।

प्रतिवेदनमा के छ त्यस्तो ? वास्तवमा ८९८ पृष्ठको प्रतिवेदनको परिच्छेद १४ मा 'शासकीय सुधारका लागि आयोगको सुझाव/सिफारिस' भनी १५७ पृष्ठमा १७ वटा निकाय/क्षेत्रलाई समेट्दा १४.३ (पृष्ठ ७४३) मा 'न्यायालय र न्याय क्षेत्र' को लागि ६ पृष्ठ खर्चेर न्याय क्षेत्रमा विद्यमान विसङ्गति, जनगुनासो रहनुका कारण र त्यस्ता समस्या समाधानका लागि पहल गर्नुपर्ने कार्यहरू बुँदागत रूपमा प्रस्तुत गरेको रहेछ ।

आयोग लेख्छ, 'जेनजी पुस्ताको आन्दोलनको कारणमध्ये न्याय क्षेत्रमा भएको अति राजनीतीकरण र खर्चिलो न्याय प्रणाली पनि हो।' समस्याका रूपमा उल्लेख गरिएका केही बुँदाहरू यस्ता छन : न्याय प्राप्ति र फैसला कार्यान्वयनमा अत्यधिक ढिलाइ स्वार्थी समूहले मुद्दा दायर गरेर वर्षौं अल्झाइदिने संवैधानिक परिषद्को सदस्यको नाताले प्रधानन्यायाधीशले कार्यपालिका सदस्यसँग मन्त्रीलगायत संवैधानिक नियुक्तिमा भाग माग्नु संवैधानिक इजलासको त्रुटिपूर्ण बनोट न्यायालयबाट कुनै पनि मुद्दा तोकिएको समयमा सम्पादन हुन नसक्नु कुशासनको प्रमुख कारण कम जनशक्ति राजनीतिक चङ्गुलमा न्यायालय रहनु, न्यायाधीश नियुक्तिमा राजनीतिक दलको कोटा प्रणाली न्याय सम्पादनमा सरकारको धारणाबाट प्रभावित हुनु आमनागरिकको मुद्दा वर्षौं पालो नआउँदा सार्वजनिक चासोका मुद्दा तुरुन्त निरुपण हुनु वकिलको फीमा कुनै निर्धारित मापदण्ड नभई मनपरी शुल्क उठाउनु साथै, समस्या र समाधानका लागि पहल गर्नुपर्ने बुँदाहरू भनी विभिन्न उपायहरू उल्लेख गरेको पाइन्छ ।

अब प्रश्न उठ्छ- के प्रतिवेदनले साँच्चै कार्यादेश नाघेको हो ? के प्रतिवेदनमा उल्लिखित बुँदाहरू आयोगले आफैंले रचेर प्रस्तुत गरेका नितान्त नौला र मनगढन्ते हुन् ? यसको जवाफको लागि 'के अदालत र समग्र न्यायपालिका दूधले धोएकै झैं स्वच्छ र निष्कलङ्क थियो त ?' भन्ने अर्को प्रश्नको जवाफ खोज्नुपर्ने हुन्छ ।

आयोगको सरोकार र कार्यक्षेत्र: न्यायपालिकामा धावा बोल्यो भन्दै केही स्वनामधन्य वकिलले न्यायपालिका नै आफ्नै पेवा जस्तो गरी यसबारेमा बोल्ने हक आफूबाहेक कसैलाई नरहेको तर्क गरिरहँदा जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठन भएको उक्त आयोगलाई न्यायपालिका सम्बन्धमा छानबिन गर्न नपाउने वा त्यसो गरे न्यायपालिकाको स्वतन्त्रता हनन् हुने भन्ने जस्तो कुनै पनि कानूनी व्यवस्था गरेको पाइँदैन। तसर्थ, आफ्नो कार्यादेश बमोजिम न्यायपालिकाभित्रको भौतिक क्षति तथा त्यसो हुनुको कारण विश्लेषण गरी आवश्यक राय दिन कुनै छेकबार रहेको देखिंदैन । अझ, 'न्यायपालिकाप्रतिको जनआस्था, अदालत, न्यायकर्मी, कानूनविद्को मात्र सरोकारको विषय नभई यो समाज, व्यक्ति वा राज्यको सर्वोपरि चासो र सरोकारको समेत विषय हो' भनी सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्की संयोजकत्वको एउटा अध्ययन प्रतिवेदन २०७८ ले बोलेको तथ्यबाट पनि ती वकिलको मात्र एकाधिकार रहेको होइन रहेछ भन्ने प्रमाणित हुन्छ। बेलाबेला अदालत जनआक्रोशमा पर्नुमा यस्ता एकाधिकारवादी स्वार्थी सोचको पनि योगदान रहेको छैन भन्न सकिन्न । आयोगले उठाएका यी विषयवस्तुहरू झुटा वा गलत हुन् भनेर यिनले दाबी गर्न सकेका छैनन् बरु 'हाम्रो भित्री कुरा हामी नै हेर्छौं, तिमी बाहिरियालाई के मतलब ? बाहिरियाले हाम्रो आन्तरिक मामिलामा किन नाक रगड्नुपऱ्यो ?' भनी स्वतन्त्र न्यायपालिकाको अधिकार क्षेत्रमा अनावश्यक हस्तक्षेप गऱ्यो भन्ने मनोगत दुर्भावना व्यक्त गरेका छन् । उक्त दुई राजनीतिक दलका लाभग्राही बाहेक साँच्चैको स्वतन्त्र र कलङ्करहित न्यायपालिका हेर्न चाहने बाँकी सरोकारवालाले आयोगले जे बोल्यो सत्य बोल्यो र यसलाई हस्तक्षेपको रूपमा भन्दा न्यायपालिकामा सुधारको जरूरी छ र न्यायपालिका र यसभित्रका कर्ताहरू आफैं पनि सुध्रिनुपर्छ भन्ने मत राख्नेछन् ।

कहाँबाट आए ती बुँदाहरू ? आयोगको प्रतिवेदनले उल्लेख गरेका विवरणहरू तथ्य र सत्यमा आधारित छन् कि छैनन् त ? हो यी तथ्यहरू मूल्याङ्कन गर्ने कसी भने अदालत र बारलगायत न्यायपालिका स्वयंकै अवयवहरूले विभिन्न समयमा अध्ययन समिति गठन गरी तयार पारिएका प्रतिवेदनहरू हुन् जसमा न्यायपालिका र अदालतभित्रका विकृति, विसङ्गति र अनियमितताका केस्राकेस्रा केलाइएका छन् । त्यस्ता समितिहरूले अध्ययन गरी सङ्कलन गरेका विकृति र विसङ्गति तथा त्यसलाई सम्बोधन गर्न सुझाइएका फेहरिस्तका ठेली हेर्ने हो भने हाम्रो न्यायपालिका कुन रसातलमा छ र यसलाई सुधार गर्न असम्भव झैं लाग्ने कत्रो पहाड फोर्नुपर्छ भन्ने देखिन्छ । विभिन्न प्रकारका बेथिति, विकृति र विसङ्गति आजको मात्र समस्या नभई दशकौंदेखि यसले न्यायपालिकालाई गाँजिरहेको छ। सुधारका प्रयत्नका बाबजुद यो झाँगिंदो छ । केही कानून व्यवसायीले आफू मात्रै सबैभन्दा शुद्ध र इमानदार भए झैं गरी आयोगको विवरणलाई नानाथरी आक्षेप लगाइरहँदा आफू कुन धरातलमा उभिएको छु भनेर आफैंलाई हेर्नुपर्ने देखिन्छ । त्यसैले कानून व्यवसायी सम्बन्धमा ती पुराना प्रतिवेदनले औंल्याएका केही उदाहरण यहाँ प्रस्तुत गर्दा अन्यथा नहोला । आजभन्दा अठार वर्षअघिको वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल संयोजकत्वको सर्वोच्च अदालत बार एशोसिएसनको अध्ययन प्रतिवेदन, २०६४ ले बिचौलियाको विद्यमानता र तिनको भूमिका वर्णन गरेको थियो ।

यसमा कानून व्यवसायी र न्यायाधीश स्वयंलगायत १७ किसिमका त बिचौलिया नै पहिचान गरिएको थियो । त्यस्तै, कानून व्यवसायीले गर्नै नहुने के के मात्र गर्दा रहेछन् भन्ने फेहरिस्तले प्रतिवेदनका पाना भरिएका छन् । हाल यसमा के कति परिवर्तन र सुधार आयो कानून व्यवसायी स्वयंले आत्ममूल्याङ्कन गरे हुन्छ । अर्को, सर्वोच्च अदालतका न्यायाधीश रामप्रसाद श्रेष्ठ संयोजकत्वको 'विकृतिविहीन न्यायपालिकाको विकास अध्ययन प्रतिवेदन, २०६६' ले न्यायमा ढिलासुस्ती हुने कारणहरू, फैसला कार्यान्वयनका समस्यालगायत न्याय किन महँगो भएको छ भन्ने सवालमा कानून व्यवसायीले मुद्दामा हुने विभिन्न चरणमा कानूनले नलाग्ने शुल्क लाग्छ भनी दस्तुरी लिई काम गराउने प्रकृति, कानून व्यवसायीले लिने पारिश्रमिक अनियन्त्रित हुनु, त्यसको सम्बोधन गर्न कानून व्यवसायीको सम्पत्ति विवरण अनिवार्य रूपमा कानून व्यवसायी परिषद्मा पेश गर्ने व्यवस्था मिलाउने, तिनको फर्म दर्ता गर्ने र निजको आम्दानी विवरण पारदर्शी बनाउनेलगायत उपाय सुझाएको छ । त्यस्तै, न्यायिक विकृति ल्याउने प्रमुख कारण आर्थिक अनियमितता र भ्रष्टाचार भएको उल्लेख गर्दै त्यसका विविध कारण पनि उल्लेख गरेको छ ।

बार, कानून व्यवसायी र न्यायाधीशका लागि समेत सुझाव प्रस्तुत गरेको छ। त्यस्तै, यसले न्यायाधीश नियुक्तिको मापदण्ड निर्धारण र न्याय परिषद्को पुनर्संरचना गरिनुपर्ने जस्ता अनेकौं उपाय सुझाएको छ । त्यसैगरी सर्वोच्च अदालतका न्यायाधीश गिरीशचन्द्र लालको अध्यक्षतामा गठित न्यायपालिकामा हुने विकृति, विसङ्गति अध्ययन समितिको अध्ययन प्रतिवेदन, २०७२ ले समेत कानून व्यवसायी सम्बन्धमा तिनले कोर्ट फी नलाग्ने मुद्दामा कोर्ट फी लिने गुनासो आएको, अदालत प्रवेश गर्ने सेवाग्राही, कानून व्यवसायीलगायत सबै व्यक्तिहरूको क्रियाकलाप सीसीटिभी तथा मानवीय सहायताले सूक्ष्म अवलोकन र निगरानी गर्नुपर्ने, तिनको पारिश्रमिकका सम्बन्धमा निश्चित मापदण्ड वा पारदर्शिता नभएकोले कानून व्यवसायी परिषद्सँग समन्वय गरी मापदण्ड बनाउन पहल गर्ने, पारिश्रमिकमा करकट्टी गर्नुपर्ने, आय-व्ययको लेखा राख्नुपर्ने, लिएको पारिश्रमिकको रसिद दिनुपर्ने, आचारसंहिताको कडाइका साथ पालना गरिनुपर्ने, अनावश्यक रूपमा मुद्दाको पेशी हटाई मुद्दा लम्ब्याउने, एउटै कुरा पटक-पटक बहस गरी अदालतलाई असहयोग गर्नेको अभिलेख राखी सोलाई वरिष्ठ अधिवक्ताको उपाधि दिंदा वा अन्य कुनै सम्मान वितरण गर्दा आधार बनाइनुपर्ने जस्ता सुझावहरू दिएको देखिन्छ ।

**सांभार : अनलाइन खबर ।**

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday